

# 'अधिकारका नाममा किरातीहरू फुट्नु हुन्न'

■ दिपेनबाला राई
किरात राज्य समिति इन्चार्ज, किरात राई विद्यार्थी संघ

२०३७ फाल्गुन २४ गते जन्मिएर राजनीतिक शास्त्रमा स्नातक गरेका युवाहुन दिपेन बाला राई । किरात स्वायत्त राज्यको माग गर्दै आएको किरात राई विद्यार्थीहरूको साझा विद्यार्थी संगठन किरात राई विद्यार्थी संघमा २०५७ सालमा आबद्ध भएर निरन्तर किरात जागरणको आन्दोलनमा लागिरहेको राई यतिवेला किरात राई विद्यार्थी संघको केन्द्रीय उपाध्यक्ष, किरात राज्य समिति इन्चार्ज तथा किरात राई यायोक्खा झापाको जिल्ला सचिव समेत रहेका छन् । प्रस्तुत छ राईसँग भएको किरात स्वायत्त राज्य, नेपालको शैक्षिक नीति तथा वर्तमान राजनैतिक सेरोफेरोमा *नयाँ सन्देश*का लागि सहकर्मी *अर्जुन जम्नेली राई*ले गरेको कुराकानी ।

**■ अहिले के गर्दै हुनु हुन्छ ?**

अहिले म संगठानिक काममा नै व्यस्त छु ।

**■ किरात राई विद्यार्थी संघ कस्तो संगठन हो ?**

किरात राई विद्यार्थी संघ किरात राई समुदायको साझा, स्वतन्त्र र गौरवशाली जातीय विद्यार्थी संगठन हो ।

**■ कति सदस्यहरू संगठित रहेका छन् ?**

पूर्वाञ्चलको १२ वटा जिल्ला र बागमतीको ३ वटा जिल्लामा गरेर करिब सत्र वटा जिल्लामा किरात राई विद्यार्थीहरू संगठित छन् । देशभरका ५० हजार भन्दा बढी राई बिद्यार्थीहरूले संगठित छन् ।

**■ बिद्यार्थी संगठन भएर पनि एउटा पार्टीले जस्तो किरात स्वायत्त राज्य मागीरहेको छ नी ?**

किरावी संघ जातीय विद्यार्थी संगठन भएकोले हामी बिद्यार्थीको हक अधिकारका साथै हाम्रो समुदायको अधिकारको सुनिश्चिताका लागि पनि हाम्रो आन्दोलन अगाडि बढाईरहेका छौ । किरात स्वायत्त राज्यको माग पनि त्यसै आन्दोलनको एउटा रूप हो ।

**■ विद्यार्थी संगठनले त शैक्षिक मुद्धाहरूमा बढी केन्द्रित हुनु पर्ने होईन र ?**

हामी शैक्षिक मुद्धामा नै केन्द्रित छौं । तर हामीले उठाई रहेका केही शैक्षिक मुद्धाहरू हाम्रो जातीय अधिकारसँग सम्बन्धित छन् त्यसैले ती जातिय अधिकारहरू सुनिश्चत नभएसम्म शैक्षिक मुद्धाहरू हल हुन सक्दैनन् भन्ने हाम्रो बुझाई हो ।

**■ संगठनले के कस्ता शैक्षिक मुद्धाहरू उठाएका छन् ?**

देशमा रहेको असमान शिक्षा नीति अन्त्य गर्नु नै हाम्रो मुल ध्येय हो । मुलुकमा एक जाति, एक भाषाको, एक धर्मको हालीमुहालीलाई अन्त्य गर्दै सबै भाषा, संस्कृति, सबै धर्मलाई समान रूपमा स्थापित गरिनुपर्छ । यसका साथै शहर र गाउँका जनताले लिने पाउने शैक्षिक गुणस्तरमा समानता ल्याउनु पर्छ भन्ने हाम्रो संगठनको माग हो ।

**■ माग पूरा गर्न के-के प्रयास भएका छन् ?**

हामीले शैक्षिक मुद्धाहरूलाई सशक्त रूपमा उठाई रहेका छौ । सरकारको ध्यान आकर्षण गर्न ज्ञापन पत्र बुझाउने र सभा सम्मेलन गोष्ठी गर्ने जस्ता कार्यहरू गरिरहेका छौ ।

**■ तपाईहरूले प्रस्ताव गर्दै आएको किरात स्वायत्त राज्यको बारेमा बताई दिनुसन ?**

हामीले भनि रहेको किरात स्वात्त राज्य क्षेत्रगत आधारमा भन्ने हो भने पुर्वाञ्चलको करिब सिरहा र सप्तरी बाहेकका १४ बटा जिल्ला र मध्यामञ्चलमा दोलखा, रामेछाप र सिन्धुली जिल्लाका केही गाविसहरू गरी करिब १७ वटा जिल्लाहरू पर्दछन् । ती क्षेत्रहरूमा बहुसंख्यक रूपमा रहेका किराती जातिहरूको आधारमा किरात राज्यको नामाकरण गरिएको हो । तर किरात राज्य भन्नाले किरातीहरूको मात्र हालीमुहाली हुने भन्ने चाँहि होईन त्यहाँ सबै जातजाति, भाषाभाषीहरूको समान अधिकार र सम्मान रहन्छ । ऐतिहासिकतालाई हेर्ने हो भने ती क्षेत्रहरूमा किरातीहरूले सयौ बर्ष राज्य गरेको छर्लङ्गै छ । त्यसैले किरात एउटा जाति मात्र नभएर इतिहास पनि हो र भूगोल पनि हो ।

**■ किरात राज्य नै किन ? खम्बुवान र लिम्बुवान हुदाँ के हुन्छ ?**

किरात भन्नाले लिम्बुवान र खम्बुवानको बिरोध हैन, यसरी हामीले बुझ्यौ भने गलत हुन्छ । लिम्बुवान र खम्बुवानको समग्रता नै किरात राज्य हो । लिम्बुवान र खम्बुवान बिना किरात राज्य अपुरो हुन्छ, तर छुट्टाछुट्टै लिम्बुवान, खम्बुवान चाँहि अहिलेको सवालमा अवैज्ञानिक हुन्छ भन्ने हाम्रो धारणा हो । हामी अधिकार पाउने नाममा टुक्रिनु हुदैन ।

**■ आफ्ना प्रस्तावलाई संविधानमा सुनिश्चता गराउन के-के गर्नु भयो ?**

किरावि संघ किरात राई यायोक्खाको भातृ संगठन हो । किराविले छुट्टै भन्दा पनि किरात राई यायोक्खा मार्फत् हामीले हाम्रा मुद्धाहरूलाई सुनिश्चिता गराउन धेरै पहल गरेका छौ । गाँउ-गाउँबाट सुझाब संकलन समितिलाई सुझाब दिनुका साथै सबै राजनैतिक दलहरूलाई भेटेर हाम्रो मुद्धाहरूको बारेका जानकारी गराउनुका साथै त्यसको सुनिश्चिताका लागि दवाव दिएका छौ । त्यसको साथै हाम्रो मुद्धामा जनसमर्थन जुटाउन हामीले दावी गर्दै आएको प्रायः सबै जिल्लाहरूमा आमसभा गोष्ठीहरू सम्पन्न गरेका छौ ।

**■ सुनिश्चित हुन्छ जस्तो लाग्छ ?**

हुन्छ, होईन हुनु पर्दछ ।

**■ भएन भने के हुन्छ ?**

आफ्नो अधिकारका लागि जस्तोसुकै मुल्य चुकाउन पनि तयार छौ । यसलाई राज्यले गम्भीर रूपमा नलिए देश फेरि गृहयुद्धतिर जान्छ ।

**■ किरात स्वायत्त राज्य भन्नु भएको क्षेत्रलाई खम्बुवान, लिम्बुवान, कोचिला र शेर्पा राज्यको रूपमा पनि प्रस्ताव गरिएको छ । यसलाई कसरी लिनु भएको छ ?**

शासकहरूले एकाआपसमा भिडाएर जातिय आधारका राज्य नदिने षड्यन्त्र गरिरहको छ यसलाई हामीले राम्ररी बुझेका छौ । यदि ती प्रस्तावहरू त्यसरी नै आएका हुन भने त्यसलाई हामी चिरेर जान्छौ । तर उनीहरूले स्वतस्फुर्तरूपमा आफ्नो अधिकारका लागि आएका हुन भने हामी संयुक्त रूपमा बसेर छलफल गरेर त्यसको निष्कर्ष निकाल्छौं ।

**■ मुलुकको बर्तमान राजनैतिक परिस्थितिलाई कसरी हेरि रहनु भएको छ ?**

देश झन्झन् अप्ठ्यारो तिर फस्दै छ । दलहरू जनताको सवाललाई भन्दा सत्तालाई प्रथामिता दिईरहेका छन् । त्यसले सही परिणाम ल्याउदैन् ।

**■ संबिधान तोकिएको समयमा बन्ला ?**

दलहरूको यस्तै रबैया हो भने संबिधान समयमा बन्ने संभावना हुदैन् ।

**■ बनेन भने के हुन्छ ?**

संबिधान जसरी भए पनि बन्नु पर्छ यदि बनेन भने देशमा संकट आउँछ ।

**■ स्थायी शान्ति ल्याउन के गर्नु पर्छ ?**

सदियौदेखि हेपिएका, पछाडी परिएका समुदायलाई अधिकार सुनिश्चितता गरिनु पर्दछ र राजनैतिक दलहरू देश र जनता प्रति उत्तरदायी भएर काम गर्‍यो भने मात्र देशमा बास्तविक शान्ति आउँछ ।